# व्यवसायिक बाखा पालन तालिम




## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## स्वास्थ्यचौकी, कञ्चनपुर

०६-०८ बैशाख २०७९

C15 - Commercial Goat Farming Training, Swasthyachowki, Kanchanpur 06-08 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय स्वास्थ्यचौकी, कञ्चनपुरले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ बैशाख ०६ देखि ०८ गते सम्म कञ्चनपुर जिल्लाको दोधारा चाँदनीमा **"व्यवसायिक बाखा पालन तालिम"** सम्पन्न गरेको छ । दोधारा चाँदनी नगरपालिकाका प्रमुख श्री बीर बहादुर सुनारको प्रमुख आतिथ्यता तथा उपप्रमुख श्री चिनी गिरी, निर्धन उत्थान क्षेत्रीय कार्यालय अत्तरियाका कार्यक्रम अधिकृत श्री बुद्धि प्रकाश घिमिरे तथा दोधारा चाँदनी नगरपालिकाका प्रवक्ता एवं वडा नं. ०६ का वडाध्यक्ष श्री दिल बहादुर सिंजालीको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिममा दोधारा चाँदनी नगरपालिका पशु सेवा शाखाका प्रमुख श्री कृष्ण सिंह साउद, नायब पशु स्वास्थ्य प्राबिधिक श्री धनसरी बुढा, पशु चिकित्सक श्री नन्दराज भट्ट र श्री गोबिन्द भट्टले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि श्री बीर बहादुर सुनारले अप्ठ्यारोमा परेका जनतालाई निर्धन उत्थानको सहयोगले आर्थिक तथा सामाजिक क्षेत्रमा ठुलो योगदान पुगेको बताउनु भयो । साथै ग्रामीण क्षेत्रका लक्षित वर्गसम्म प्रभावकारी रुपले वित्तीय तथा गैरवित्तीय सेवा प्रदान गरी विपन्नलाई आत्मनिर्भर बनाई लघुउद्यमी र साना उद्यमीमा परिणत गर्न सहयोग पुरयाई रहेकोमा धन्यवाद ब्यक्त गर्नुभएको थियो । कार्यक्रममा निर्धन उत्थान क्षेत्रीय कार्यालय अत्तरियाका कार्यक्रम अधिकृत श्री बुद्धि प्रकाश घिमिरेले निर्धन संस्थाको उद्देश्य तथा स्वास्थ्यचौकी शाखा प्रमुख श्री जीत नारायण चौधरीले शाखाको कार्यक्षेत्र तथा कार्यालयबाट प्रवाह हुने सेवा सुबिधा बारे जानकारी दिएका थिए ।

दोधारा चाँदनी नगरपालिका पशु सेवा शाखाका प्रमुख श्री कृष्ण सिंह साउदले कृषकहरुलाई कृषि क्षेत्रबाट आत्मनिर्भर हुनुपर्ने र व्यवसायिक रुपमा बाखा पालन गर्ने कृषकलाई अनुदान समेत दिने बताएका थिए । तालिममा बाखा पालन व्यवसाय एक परिचय, नेपालमा बाखा पालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, बाखाका बिभिन्न जातहरूको जानकारी, बाखाको खोर निर्माण, ब्रिडिङ सम्बन्धी जानकारी, स्वास्थ्य सम्बन्धी जानकारी, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी बाखाको पहिचान, बाखामा लाग्ने रोगहरू (परजिवि जिबाणु र मेटाबोलिक), बाखामा आहारको महत्व (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस व्यवस्थापन), गर्भिणी तथा सुत्केरी माउ बाखाको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परिजिविहरूको नियन्त्रण साथै खोप कार्यक्रमबारे जानकारी, स्थानिय बाखा पालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री मनका सुनुवारले मन्तब्य राखेकी थिइन् । दोधारा चाँदनी ०९ स्थित पुर्णागिरी महिला समूहका सदस्य श्री सुनुवारले निर्धनले वित्तीय कारोबारका साथै व्यवसायिक तथा सीपमूलक कार्यक्रममा सहभागी गराएको प्रति खुशी ब्यक्त गर्दै आगामी दिनमा पनि यस्तै किसिमको व्यवसायिक तालिमहरुमा सहभागी हुने अपेक्षा राखेकी थिइन् । संस्थाले व्यवसायिक रूपमा बाखा पालन तालिम दिएकाले तालिममा सिकेका कुराहरु ब्यवहारमा लागु गरी आम्दानी वृद्धि गर्न हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरू लाई व्यवसायमा प्रयोग गरी व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए ।